रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

बैठक नं : १७

मिति २०७९/१२/२९ गते १७औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समीक्षा र निर्णय पुनरावलोकन सम्बन्धमा ।
प्रस्ताव नं. २ : खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई अनुदान दिने सम्बन्धमा ।
प्रस्ताव नं. ३ : जग्गा वर्गीकरण गरी कित्ताकाट सम्बन्धमा ।
प्रस्ताव नं. ४: भू - उपयोग जग्गा वर्गीकरण सम्बन्धमा ।
प्रस्ताव नं. ५ : दैनिकी हाटबजारमा रहेका सटरहरुका मासुपसल सुधारका लागि पूर्वाधार निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. ६ : प्रशासनिक भवनको भोगाधिकार लिने र सो को लागत सहभागिता व्यहोर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ७ : नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं. ८ : पोखरीहरुको ठेक्का अवधि समाप्त भएकोमा पुन:ठेक्कामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं. ९ : ठेक्कामा नगएका पोखरीहरुको न्यूनतम रकम तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं. १०: BlueAct Technologies द्वारा नगरपालिकालाई हस्तान्तरण गरिएको ५० थान आर्सेनिक न्यूनीकरण गर्ने फिल्टर वितरण सम्बन्धमा ।
प्रस्ताव नं. ११ : सडकको मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं. १२ : सामाजिक संजालमा सम्प्रेषित भ्रामक समाचार सम्बन्धमा ।
प्रस्ताव नं. १३ : नगरपालिकाबाट निर्मित भवनमा लुम्बिनी विकास कोषलाई कार्यालय संचालनको निमित्त अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १४ : भूमि सम्बन्धी समस्या सामाधान आयोगमा नगरपालिका क्षेत्र भित्रका अव्यवस्थित जग्गा नाप नक्सा सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं. १५: "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।
प्रस्ताव नं. १६ : कर्मचारीहरुको फिल्ड भत्ता/प्रोत्साहन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं. १७ :विविध ।
क. शुभकामना आदान प्रदान सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निणर्यहरु माथि समीक्षा गरियो । १६ औं कार्यपालिकाको निर्णय नं. १ मा भएको निर्णयलाई पुनरावलोकन गरी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह गरिने सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउँदै लैजानु परेको अवस्थामा सो को लागि वडा कार्यालयहरुमा आवश्यक पर्ने वित्तीय श्रोत न्यून भएको सन्दर्भमा अतिथि सत्कार, मसलन्द, विविध शीर्षकमा खर्च लेख्ने गरी हाल उपलब्ध गराइएको वडा कार्यालय संचालन खर्चमा २०७९ चैत्र देखिं लागु हुने गरी रु.५,०००/- मासिक थप गर्ने र सम्बन्धित शीर्षकमा अपुग हुने रकम चालु तर्फका खर्च हुन बाँकी शीर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

साथै १६ औं कार्यपालिकाको बैठकको निर्णय नं. ४ (ग) मा स्यनिटरी प्याड आपूर्तिकर्ता श्री वाइज भिजन प्रा.लि.लाई आगामी दिनमां यस नगरपालिकासँग कारोबार गर्न नपाउने गरी कालोसूचीमा राख्ने निर्णय गरिएकोमा सो वाइज भीजन प्रा.लि.लाई कालोसूचीमा नराख्ने र निजको धरौटी फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं २ माथि छलफल गर्दा परासी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको निवेदानुसार सो समितिको को निर्णय अनुसार आ. व. २०७९/२०८० को लागि परासी खानेपानी तथा सरसफाई उपभोक्ता समिति कार्यालय को नयाँ पाइप लाईन बिस्तार एवं जडान कार्य गर्न को लागि अनुदान को रुपमा यस कार्यालय समक्ष रु. ७,५०,००० ।- माग भएकोमा यस कार्यालय बाट विनियोजित रकम रु. १५,००,०००।- मध्ये रु.७,५०,००० ।- परासी खानेपानी तथा सरफाई उपभोक्ता समिति र रु.७,५०,००० ।- सुक्रौली खानेपानी व्यवस्थापन समितिलाई समभ्रुदारी पत्रमा सम्झौता गरी खानेपानी पाइपलाईन विस्तार गर्नका लागि अनुदान स्वरुप दिने र उक्त कार्य सम्पादन गर्दा खानेपानी तथा सरसफाई मन्त्रालयको च.नं. १०६ आ.व. ०७४/०७५. को परिपत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को २०७४/०५/१२ गतेको निर्णयानुसारको उपभोक्ताको लागत सहभागिता हुने गरी लगायत अन्य प्रचलित कानून बमोजिम हुने गरी समितिहरुले कार्यसम्पादन गर्ने गरी सम्बन्धित उपभोक्ता समितिहरुको खातामा रकम निकासा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा रामग्राम नगरपालिकाका विभिन्न वडाहरुबाट सिफारिस भई आएका तपसिल बमोजिमका जग्गाहरु वर्गीकरण गरी कित्ताकाट गर्नको लागि मालपोत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम | जिल्ला | साविक गा.वि.स. | वडा नं | हाल ठेगाना | कि.न | क्षेत्रफल | जग्गाको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | राजवली भर | न.प. | हकुई | ४ क | १६ | ६९७ | ०-४-७ | नम्बरी रहेको |
| २ | पुजारी केवट | न.प. | बन्जरीया | १ख | १५ | ३५ | ०-७-१० | नम्बरी रहेको |
| | पुजारी केवट | न.प. | बन्जरीया | १ख | १५ | ३९ | ०-१०-० | नम्बरी रहेका |
| | पुजारी केवट | न.प. | वन्जरीया | १ख | १५ | ५० | ०-६-० | नम्बरी रहेको |
| | पुजारी केवट | न.प. | वन्जरीया | १ख | १५ | ९२९ | ०-०-१८ | नम्बरी रहेको |
| | पुजारी केवट | न.प. | वन्जरीया | १ख | १५ | ४ | ०-०-१२ | नम्बरी रहेको |
| ३ | पुजारी केवट | न.प. | अमरौट | ८ | १८ | ३० | ०-६-६ | नम्बरी रहेको |
| ४ | राधा देवि केवट | न.प. | सुक्रौली | ३क | १५ | ५६ | ०-७-१२ | नम्बरी रहेको |

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | किरण प्रसाद उपाध्याय | न.प. | परासी | १ | १ | १२५ | ०१९५४.८० | गाउँब्लक |
| ६ | निर्मला देवि थारु | न.प. | देवगाव | ८ क | सरावल गाउपालिका वार्ड १ | ११४७ | ०-६-४ | नम्बरी रहेको |
| ७ | चमेली चमार | न.प. | उनवच | २ क | रामग्राम ७ | २४० | ०-७-३ | नम्बरी रहेको |
| ८ | गंगाराम केवट | न.प. | अमरौट | १ क | १४ | ४२५ | ०-४-८ | नम्बरी रहेको |

निर्णय नं. ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा मालपोत कार्यालयबाट जग्गाको क्षेत्रफल १००० वर्ग मि. देखि ५००० वर्ग मि. सम्मको जग्गाको कित्ताकाट रोकिएको भूउपयोग नियमावली, २०७९ को अनुसूची १ मा बसोबासको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार ( सडक, विद्युत, खानेपानी वा ढल निकास) भएको १००० वर्ग मिटर भन्दा सानो कित्तालाई आवासीय वर्गीकरण गर्ने व्यवस्था रहेको, ५००० वर्ग मिटर भन्दा बढी क्षेत्रफल भएको कित्ता/जग्गालाई कृषि क्षेत्रको रुपमा वर्गीकरण गरिएको तर सोही नियमावलीको अनुसूची १ मा १००० - ५००० वर्ग मिटर बीचको जग्गाको हकमा स्पष्ट व्यवस्था नभएको दखिँदा यस अगाडी यस कार्यपालिकाले तोकेको मापदण्डभित्र रहेर १००० - ५००० वर्ग मिटरको जग्गामा बसोबासको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार ( सडक, विद्युत, खानेपानी वा ढल निकास ) रहेको र सम्बन्धित सेवाग्राहीको मागका आधारमा - आवासीय जग्गा/क्षेत्र अन्यथा कृषि क्षेत्र/जग्गा र १००० - ५००० वर्ग मिटर बीचको जग्गामा बसोबासको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार नभए सम्बन्धित वडा कार्यालयले आवश्यक भए नगरपालिकाको प्राविधिक समेतको सहयोगमा स्थलगत अवलोकन गरी सिफारिसका आधारमा कृषि जग्गा कायम हुने गरी वर्गीकरण गर्ने र सो बमोजिम जग्गा कित्ताकाट हुन श्री मालपोत कार्यालय, श्री नापी कार्यालय लगायत सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. ०७९/०८० मा नेपाल सरकारबाट सशर्त अनुदानमा मासु जाँच ऐन सहजीकरण कार्यक्रम शिर्षकमा रकम रु. ९,७०,००० ।- (अक्षरुपी नौ लाख सत्तरी हजार मात्र ) विनियोजन भई आएको कार्यक्रम सञ्चालनका लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ दफा ६ मा कार्यक्रम सञ्चालनका लागि अनुदान प्रतिशत निर्धारण गरिएकोमा सार्वजनिक निकायबाट सञ्चालन हुने पूर्वाधार निर्धारणको हकमा १०० % लगानीमा निर्माण गर्न सकिने व्यवस्था रहेको, सोही कार्यविधिको दफा २६ मा सञ्चालित कार्यक्रम तथा सञ्चालन प्रकृया अर्न्तगत उपदफा ३ को ढ मा सम्बन्धित कार्यालयले आवश्यक र उपयुक्त ठानेका अन्य क्रियाकलाप सञ्चालन गर्न सकिने भनि व्यवस्था समेत रहेकोमा सोही व्यवस्थालाई आधार मानी विनियोजित कार्यक्रम बमोजिम रामग्राम नगरपालिका वडा नं. २ स्थित दैनिक हाटबजारमा नगरपालिका कार्यालय मातहतमा निर्मित सटर कोठामा नगरपालिकाको स्वामित्वमा रहने गरी नगर कार्यपालिकाको निर्णयबाट १०० % लगानीमा मासु पसल सञ्चालनका लागि आवश्यक मापदण्ड अनुसारको पूर्वाधार निर्माण गर्न सक्ने व्यवस्था रहेकोमा सोही अनुसार रामग्राम २ स्थित हाटबजारको सटरहरुमा रकम रु. ९,७०,०००।- बराबरको मासु पसल सुधारका लागि पूर्वाधार निर्माण गर्ने निर्णय गरियो ।

नगरपालिका
को कार्यालय
(व.सु.प.)

निर्णय नं. ६ : प्रस्ताव नं ६ माथि छलफल गर्दा यस अघि ११ औं कार्यपालिका बैठकको निर्णय नं. २ बमोजिम जग्गाको संरक्षण तथा उपयोग गर्न सम्बन्धित निकायमा माग गर्ने र उक्त जग्गामा यस नगर कार्यपालिका कार्यालयको विषयगत शाखाको सेवा संचालन गर्न कार्यालको प्रशासनिक भवन निर्माण गर्ने निर्णय गरियो । उक्त प्रशासनिक भवन निर्माण गर्न श्री सहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागसँग बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगर कार्यपालिकाको कार्यालयको जिन्सी समान, सवारी साधनहरु लगायत अन्य आवश्यक सुरक्षाको लागि दशैं, तिहार र छठ पर्वको विदामा पनि तपसिल बमोजिमका विभिन्न कर्मचारीहरुलाई पालोपहरामा कामकाज गर्ने जिम्मेवारी तोकिएको, नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी भएको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद सातमा रहेको खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिको दफा ७.१.४ को उपदफा ३ मा सार्वजनिक विदाको दिन काम गरे बापत कर्मचारीहरुलाई प्रति दिन विद्युतीय हाजिरी अनुसार खाजा/खाना खर्चको लागि रु.६००/- (अक्षेरुपी छ सय मात्र) उपलब्ध गराउने व्यवस्था भएकोले उपरोक्त बमोजिम चाडपर्वमा पालोपहरामा खटिएका कर्मचारीहरुलाई खाजा/खाना खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७९।१२।२७ गतेको निर्णयानुसार २०७९ चैत्र मसान्त भित्र ठेक्का अवधि समाप्त भएका हुने तपसिल बमोजिमका पोखरीहरुको ५ वर्षका लागि न्यूनतम कबोल अंक कायम गरी कानून बमोजिम आय ठेक्का बन्दोबस्त गर्न कार्यपालिकामा सिफारिस भई आएकोमा तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं | पोखरीको नाम | पोखरी घोला रहेको स्थान | अन्तिम मिति | २ वर्ष ठेक्का गएको रकम | न्यूनतम ५ वर्षको रकम |
|---|---|---|---|---|---|
| १ | उजैनी धोवहा पोखरी | उजैनी ७ | २०७९ चैत्र मसान्त | १४४०० | ४०००० |
| २ | रेक्सहवा पोखरी | रामग्राम १४ | २०७९ चैत्र मसान्त | ७०१०० | १८०००० |
| ३ | अमरौट महिला पोखरी | रामग्राम १४ | २०७९ चैत्र मसान्त | ३१६०० | ८०००० |
| ४ | अमरौट पोखरी | रामग्राम १४ | २०७९ चैत्र मसान्त | ७८३०० | २००००० |
| ५ | मटखन्ना उत्तरारी पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ७४०० | २०००० |
| ६ | सेरखइया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ९३८० | २५००० |
| ७ | छटमइया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ९३८० | २५००० |
| ८ | उतरारी पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ६८८० | २०००० |
| ९ | मटियाइया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ६६६० | २०००० |
| १० | करवलिया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ३०५०० | ८०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | धुनियानी पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ६३९०० | १६५००० |
| १२ | बसहिया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ३७१०० | १००००० |
| १३ | अमलहवा पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ७४०० | २०००० |
| १४ | बेलहिया पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ७४०० | २०००० |
| १५ | पुवारी पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | १६९१०० | ४२५००० |
| १६ | बेलोहा पोखरी | रामग्राम १६ | २०७९ चैत्र मसान्त | ८६६०० | २२५००० |
| १७ | घनश्यामको घर निरको पोखरी | रामग्राम १७ | २०७९ चैत्र मसान्त | १५५००० | ३९०००० |
| १८ | कदमहिया पोखरी | रामग्राम १७ | २०७९ चैत्र मसान्त | ८५००० | २१५००० |
| १९ | फूलवरीया पुर्नहवा पोखरी | रामग्राम १७ | २०७९ चैत्र मसान्त | ३५२००० | ८८५००० |
| २० | शिवालय पोखरी | रामग्राम १७ | २०७९ चैत्र मसान्त | ८६००० | २२०००० |
| २१ | बगहिया पोखरी | रामग्राम १७ | २०७९ चैत्र मसान्त | २१००० | ५५००० |

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७९/१२/२७ गतेको निर्णयानुसार रिमग्राम नगरपालिका भित्र रहेका पोखरीहरुको कार्यालयमा प्राप्त विवरण बमोजिम हाल आय ठेक्का हुन नसकेका तपसिलका पोखरीहरुको न्यूनतम कबोल अंक कायम गरिदिनका लागि कार्यपालिकालाई अनुरोध भई आएकोमा तपसिलका पोखरीहरु र छुटफुट पोखरीहरुको न्यूनतम कबोल अंक सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आए अनुसार न्यूनतम कबोल अंक राखी राजश्व परामर्श समितिको निर्णयानुसार सिफारिस नगर कार्यपालिकाको कार्यालयले पोखरी ठेक्काको सूचना गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | पोखरीको नाम | पोखरी घोला रहेको स्थान | ठेक्का गएको/नगएको | न्यूनतम कबोल रकम |
|---|---|---|---|---|
| १ | रावणखण्डा घोला | नगरपालिका क्षत्र भित्र | नगएको | |
| २ | जितपूरको कटहिया पोखरी | जीतपुर वडा नं. ४ | नगएको | |
| ३ | जितपुर पुरइनिहबा पोखरी | जीतपुर वडा नं. ४ | नगएको | |
| ४ | जितपुर तिवारी पोखरी | जीतपुर वडा नं. ४ | नगएको | |
| ५ | पोखरापाली चकदहवा पोखरी | पोखरापाली वडा नं. ६ | नगएको | |
| ६ | ठुलो पाखरा पोखरापाली | पोखरापाली वडा नं. ६ | नगएको | |
| ७ | उजैनी जमूअहिया पोखरी | उजैनी वडा नं. ७ | नगएको | |
| ८ | उजैनी लोहरिहवा पोखरी | उजैनी वडा नं. ७ | नगएको | |
| ९ | देउरवा पोखरी | उजैनी वडा नं. ७ | नगएको | |

| | | | | |
|---|---|---|---|---|
| १० | झरहीनदीको पुरानो भंगोलो उजैनी स्तुप | उजैनी वडा नं. ७ | नगएको | |
| ११ | बैकुण्ठपुर दक्षिण पोखरी | बैकुण्ठपुर वडा नं. ८ | नगएको | |
| १२ | बैकुण्ठपुर पश्चिम घोला | बैकुण्ठपुर वडा नं. ८ | नगएको | |
| १३ | बैकुण्ठपुर पूर्व घोला | बैकुण्ठपुर वडा नं. ८ | नगएको | |
| १४ | जोकवार घोला (जनता नि.मा.वि.जोकवार जाने बाटो देखि दक्षिण पश्चिम नगरपालिका सिमाना सम्म)निर्माण हुने ४ पोखरी | जोकवार वडा नं. ९ | नगएको | |
| १५ | ललितपुर घोला (जनता नि.मा.वि.जोकवार जाने बाटो देखि उत्तर नम्बरी जग्गा सम्म) निर्माण हुने ४ पोखरी | जोकवार वडा नं. ९ | नगएको | |
| १६ | लंकहवा घोला | लंकहवा वडा नं. १० | नगएको | |
| १७ | भुतहवा पोखरी | लंकहवा वडा नं. १० | नगएको | |
| १८ | लंकहवा बेलहवा पोखरी | लंकहवा वडा नं. १० | नगएको | |
| १९ | लंकहवा लोहरवा पोखरी | लंकहवा वडा नं. १० | नगएको | |
| २० | लंकहवा छोटकी वडकी पोखरी | लंकहवा वडा नं. १० | नगएको | |
| २१ | मुर्दहिया पोखरी | लंकहवा वडा नं. १० | नगएको | |
| २२ | लक्ष्मीपुर गाउंको उत्तर पोखरी | लक्ष्मीपुर वडा नं. १० | नगएको | |
| २३ | लक्ष्मीपुर गाउंको पश्चिम पोखरी | लक्ष्मीपुर वडा नं. १० | नगएको | |
| २४ | सामुदायिक भवन नजिकको पोखरी | रामग्राम १० | नगएको | |
| २५ | केवटानी पोखरी | रामग्राम १० | नगएको | |
| २६ | गोइजहीया पोखरी | रामग्राम १० | नगएको | |
| २७ | वावली पोखरी | रामग्राम १० | नगएको | |
| २८ | जमुवार्ड गाउंको उत्तर सानो पोखरी | जमुवाड वडा नं. ११ | नगएको | |
| २९ | कसियाको पोखरी | कसिया वडा नं. १२ | नगएको | |
| ३० | कसिया इटहिया पोखरी | कसिया वडा नं. १२ | नगएको | |
| ३१ | मधवलीयामा घ.वटा पोखरी | वडा नं. ९ | नगएको | |
| ३२ | खखरी पोखरी | कुनवार १२ | नगएको | |
| ३३ | नया पोखरी (क) | कुनवार १२ | नगएको | |

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ३४ | नया पोखरी (ख) | कुनवार १२ | नगएको | |
| ३५ | पियनीया पोखरी | कुनवार १२ | नगएको | |
| ३६ | मटिअहिया पोखरी | कुनवार १२ | नगएको | |
| ३७ | ऐचावल पोखरी | कुनवार १४ | नगएको | |
| ३८ | बौलीया पोखरी | रामग्राम १५ | नगएको | |
| ३९ | महिला पोखरी | रामग्रामा १५ | नगएको | |
| ४० | मुर्गाहवा पोखरी | रामग्रामा १५ | नगएको | |
| ४१ | पोखरी मार्ग जाने पोखरी | रामग्रामा १५ | नगएको | |
| ४२ | टोल पोखरी | रामग्राम १६ | नगएको | |
| ४३ | कहरौटी पोखरी | रामग्राम १६ | नगएको | |
| ४४ | चमरहिया पोखरी | रामग्राम १७ | नगएको | |
| ४५ | तेलियाना पोखरी | रामग्राम १७ | नगएको | |
| ४६ | झरलहिया पोखरी | रामग्राम १७ | नगएको | |
| ४७ | चौतारीनिर पोखरी | रामग्राम १७ | नगएको | |
| ४८ | कटहरवा पोखरी | रामग्राम १७ | नगएको | |
| ४९ | भगवन्तको घरनिरको पोखरी | रामग्राम १७ | नगएको | |
| ५० | मैनिहवा पोखरी | रामग्राम १७ | नगएको | |
| ५१ | मटियहिया पोखरी | रामग्राम १७ | नगएको | |
| ५२ | चित्रसेनको घरनिरको पोखरी | रामग्राम १७ | नगएको | |
| ५३ | थारुटोल पोखरी | रामग्राम १७ | नगएको | |
| ५४ | बेलहिया पोखरी | रामग्राम १७ | नगएको | |
| ५५ | पिडुरा घोला | रामग्राम १७ | नगएको | |
| ५६ | भोगाड पोखरी बन्जररिया | रामग्राम १८ | नगएको | |
| ५७ | धरमपुर पोखरी धरमपुर | रामग्राम १८ | नगएको | |
| ५८ | धरमपुर पोखरी धरमपुर | रामग्राम १८ | नगएको | |
| ५९ | पत्थरदेवा पोखरी | कुनवार १४ | नगएको | |

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा BlueAct Technologies द्वारा यस नगरपालिकालाई हस्तान्तरण गरिएको ५० थान आर्सेनिक न्यूनीकरण गर्ने फिल्टर यस नगरपालिका अन्तर्गतका आर्सेनिकको बढी जोखिममा रहेका रामग्राम नगरपालिकाका वडा नं. ११, १२ र १३ मा सम्बन्धित वडा कार्यालय मार्फत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं ११ माथि छलफल गर्दा :रामग्राम नगरपालिकाको ११ नं. वडा कार्यालयको पत्रानुसार यस नगर कार्यपालिकाको मिति २०७९/०९/२५ गतेको निर्णयानुसार रामग्राम नगरपालिका वडा नं. ११ अन्तर्गत रहेका अधिकांश सडकहरुको विवरण उल्लेख नभएको हुँदा वडाको जग्गालाई भूउपयोग वर्गीकरण गर्ने प्रयोजनका लागि उक्त सडकहरुको विवरण छुट भएको हुँदा सो सडकहरु समावेश गर्न यस नगर कार्यपालिकामा अनुरोधका साथै सिफारिस गरी पठाइएकोमा सिफारिस भए बमोजिम तपसिल अनुसार हुने गरी सडकको मापदण्ड कायम गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | सडकको नाम | सडक क्षेत्रधिकार (फिटमा) | दाया बाँया आवसीय क्षेत्र(मिटरमा) | कैफियत |
|---|---|---|---|---|
| १. | सिमाना मार्ग | २० | ५० मि. | |
| २. | चौधरी मार्ग | २० | ५० मि. | |
| ३. | ब्रम्हबाबा मार्ग | २० | ५० मि. | |
| ४. | शान्ती मार्ग (क) प्रेम क्षेत्री | २० | ५० मि. | |
| ५. | शान्ती मार्ग (क) गोपाल क्षेत्री | २० | ५० मि. | |
| ६. | वनदेवी मार्ग | २० | ५० मि. | |
| ७. | घिउडल्ला मार्ग | २० | ५० मि. | |
| ८. | जय गुरुदेव मार्ग | २० | ५० मि. | |
| ९. | कोटही मार्ग (ख) | २० | ५० मि. | |
| १०. | चिन्कु थारुको घर तिर जाने बाटो | १४ | ५० मि. | |

निर्णय नं. १२ : प्रस्ताव नं १२ माथि छलफल गर्दा रामग्राम नगर कार्यपालिकाको कार्यालयबाट पदपूर्ति प्रक्रिया *रामग्राम नगरपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५( पहिलो संशोधन सहित)* बमोजिम नियमसम्मत रुपमा भइरहेको अवस्थामा पाल्हीनन्दन निवासी श्री ज्ञानेश्वर साहनीले सामाजिक संजालमा नगरपालिकाले विना मापदण्ड मिलेमतोमा कर्मचारी भर्ना गरेको, नगरपालिकाले झरही खोला सरसफाईमा अनियमितता गरे जस्ता आधारहिन कपोलकल्पित भ्रामक सन्देश पटक पटक सम्प्रेषण गरी रामग्राम नगरपालिकाको छविमा प्रतिकुल असर पार्ने कार्य गरेकोमा निजलाई कानूनसम्मत कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. १३ : प्रस्ताव नं. १३ माथि छलफल गर्दा लुम्बिनी विकास कोषको मिति २०७९/१२/२४ गतेको पत्रानुसार लुम्बिनी प्रदेश अर्न्तगत नवलपरासी (ब.सु.प.) जिल्लाको रामग्राम नगरपालिका वडा नं. ७ मा अवस्थित भगवान गौतम बुद्धको पवित्र अस्तुधातु रहेको स्थल, विश्वका सम्पूर्ण तीर्थयात्रीहरु एवं पर्यटकहरुको महत्वपूर्ण गन्तव्य स्थलका रुपमा रामग्राम स्तुपा रहेको, यस पवित्र स्थलको समग्र विकास गर्नका लागि कार्यालय स्थापना गर्न आवश्यक भएको, यस नगरपालिकाबाट उक्त जग्गामा कार्यालय संचालनार्थ भवन लगाएत शौचालय समेत बनी सकेको हुँदा यस नगरपालिकाबाट निर्मित भवनमा कार्यालय संचालनको निमित्त अनुमति प्रदान गरिदिन अनुरोध भई आएकोमा नगरपालिकाद्वारा रामग्राम ७ उजैनीमा निर्मित भवनको स्वामित्व रामग्राम नगरपालिकामा रहने गरी सो भवनमा लुम्बिनी विकास कोषको कार्यालय संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : प्रस्ताव नं १४ माथि छलफल गर्दा रामग्राम नगरक्षेत्र भित्रका अव्यवस्थित जग्गाहरु नाप नक्सा गरि दिनको लागि भूमि सम्बन्धी समस्या समाधान आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : प्रस्ताव नं १५ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको स्थानीय राजपत्र भाग २ "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि , २०७५ को दफा २ को उप दफा १ बमोजिम अनुसूची १ अनुसार प्राप्त भएको निवेदन उपर यस कार्यको लागि गठित अनुगमन तथा सिफारिस समितिले विभिन्न मितिमा अनुगमन गरी सिफारिस गरेको निम्न फर्महरु तथा प्रोप्राइटरहरुको नाममा दर्ता रहेको र अनुसुची ५ बमोजिमका आवश्यकता पुरा गरेको, "घ" वर्गको निमार्ण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि ,२०७५ को दफा २ को उप दफा ३ पालना हुने गरी दफा २ को उपदफा ४ अनुसार नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानून अनुसारको राजश्व दाखिला गराई इजाजत दिन सकिने भनि सिफारिस भई आएकोमा तपसिलका फर्महरु तथा प्रोप्राइटरहरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम | ना.प्र.नं. |
|---|---|---|---|---|
| १ | सम्झना कन्स्ट्रक्सन | रामग्राम १५ ,सुक्रौली | सम्झना केवट | |
| २. | यसोका कन्स्ट्रक्सन | रामग्राम २, परासी | सोनु गुप्ता | |
| ३ | ग्रिन ईन्जिनियरि सलुसन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | रामग्राम ५ ,परासी | सम्झना शर्मा (थापा) | |
| ४. | आयुषी कन्स्ट्रक्सन | रामग्राम २, परासी | धिरज कुमार गुप्ता | |
| ५. | बालाजी कन्स्ट्रक्सन | रामग्राम २, परासी | दिलिप कुमार गिरी | |

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस कार्यालयको प्राविधिक कर्मचारीहरुको मिति २०७९/१२/२८ गतेको निवेदानुसार निजहरुले कार्यालय समयको अतिरिक्त समयमा कार्यालयको कामकाज गर्नुपरेकोमा फिल्ड भत्ता/प्रोत्साहन भत्ता पाउँ भनि माग गरेकोमा यस नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडाका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई रामग्राम नगरपालिकाको कर्मचारीहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७७ बमोजिम अतिरिक्त कार्य गरे बापत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो । वडा प्राविधिक तथा वडा कार्यालयका कर्मचारीहरुको हकमा सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरुको सिफारिसमा माथि उल्लेखित सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७ : प्रस्ताव नं १७ माथि छलफल गर्दा
क.) आसन्न नव वर्ष २०८० सालको पावन अवसरमा समग्र नगरवासीहरु, जनप्रतिनिधीहरु तथा कर्मचारीहरु बीच नव वर्षको शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश